नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय अनुसन्धान विभाग

बरफबाग, काठमाडौं

(प्रथमपटक सूचना प्रकाशित मिति : २०७५।१२।२२)

**लोक सेवा आयोगबाट सञ्चालन हुने**

**अनुसन्धान अधिकृत र अनुसन्धान सहायक पदको लागि दरखास्त आह्वान गरिएको**

## सूचना

यस विभाग एवं अन्तर्गतका कार्यालयमा रिक्त अनुसन्धान अधिकृत र अनुसन्धान सहायक पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्तिको लागि अनुसन्धान अधिकृत पदको मिति २०७५।१२।१५ गते र अनुसन्धान सहायक पदको मिति २०७५।१२।२१ गते बसेको छनोट समितिको बैठकको निर्णय अनुसार देहाय बमोजिम रिक्त हुन आएको पदमा समावेशी सिद्धान्त अनुरुप खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्तिको लागि विज्ञापनको सूचना प्रकाशन गर्ने निर्णय भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ ।

**(१) पदः अनुसन्धान अधिकृत** **माग पद संख्याः ३०**

| विज्ञापन नम्बर | पद तथा श्रेणी | माग पद संख्या | खुला | समावेशी-१३ | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आदिवासी/जनजाति | मधेसी | महिला | दलित | पिछडिएको क्षेत्र |
| १/०७५/०७६ | अनुसन्धान अधिकृत (रा.प.तृतीय श्रेणी सरह) | ३० | १७ | ४ | ३ | ३ | ३ | - |

**(१.क) शैक्षिक योग्यताः** मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको । विदेशी शैक्षिक संस्थाबाट सो सरहको शैक्षिक योग्यता प्राप्त गरेका भए त्रि.वि.वि. बाट समकक्ष निर्धारण गरिएको प्रमाणपत्र पनि पेश गर्नुपर्नेछ ।

**(१.ख) उमेरः** छनोट हुने साल (२०७५)को वैशाख १ गते पुरुषको हकमा २१ वर्ष पूरा भएको र २५ वर्ष ननाघेको तथा महिलाको हकमा २१ वर्ष पूरा भएको र ३० वर्ष ननाघेको । राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीहरूको हकमा ३५ वर्ष ननाघेको ।

**(२) पद : अनुसन्धान सहायक** **माग पद संख्या :२२**

| विज्ञापन नम्बर | पद तथा श्रेणी | माग पद संख्या | खुला | समावेशी-१० | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आदिवासी/जनजाति | मधेसी | महिला | दलित | पिछडिएको क्षेत्र |
| २/०७५/०७६ | अनुसन्धान सहायक (रा.प. अनं. द्वितीय श्रेणी सरह) | २२ | १२ | २ | ३ | ३ | २ | - |

**(२.क) शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण वा सो सरहको उपाधि प्राप्त गरेको । विदेशी शैक्षिक संस्थाबाट सो सरहको शैक्षिक योग्यता प्राप्त गरेको भए त्रि.वि.वि. बाट समकक्ष निर्धारण गरिएको प्रमाणपत्र पनि पेश गर्नुपर्नेछ ।

**(नोटः** ग्रेडिङ पद्धतिबाट शैक्षिक योग्यता हासिल गरेको हकमा GPA 2 वा सो भन्दा माथिको ग्रेड प्वाइन्ट प्राप्त गरेको हुनुपर्ने ।

**(२.ख) उमेरः** छनोट हुने साल (२०७५)को वैशाख १ गते पुरुषको हकमा १८ वर्ष पूरा भएको र २५ वर्ष ननाघेको तथा महिलाको हकमा १८ वर्ष पूरा भएको र ३० वर्ष ननाघेको । राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीहरूको हकमा ३५ वर्ष ननाघेको ।

**(३) परीक्षाको किसिमः**

**क) अनुसन्धान अधिकृत**

- General Knowledge & General Ability Test
- लिखित परीक्षा
- विस्तृत स्वास्थ्य परीक्षण
- Psychological Test
- Group Test (Group Discussion)
- Presentation
- अन्तर्वार्ता

**ख) अनुसन्धान सहायक**

- General Ability and Aptitude Test
- लिखित परीक्षा
- विस्तृत स्वास्थ्य परीक्षण
- अन्तर्वार्ता

**(४) अन्य आवश्यक योग्यता :**

- कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।
- कुनै अवैध संस्था वा संगठनको सदस्य नरहेको ।

**(५) खुला प्रतियोगितामा भाग लिन सक्नेः**

अनुसन्धान अधिकृत र अनुसन्धान सहायक पदमा नियुक्तिको लागि हुने खुला प्रतियोगितात्मक परीक्षामा योग्यता पुगेका कुनै पनि सरकारी कर्मचारी उम्मेदवार हुन सक्नेछन् । सो को लागि उक्त कर्मचारी कार्यरत कार्यालयको स्वीकृति सहितको प्रमाण अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

**(६) दरखास्त साथ संलग्न रहनु पर्ने कागजातहरुः-**

(क) एस.एल.सी./एस.ई.ई. एवं सो देखि माथिका शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपिहरू ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ग) उमेर खुल्ने चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(घ) समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरूको हकमा निम्न थप कागजातहरू समेत पेश गर्नुपर्नेछ :-

- आदिवासी/जनजातिका लागि नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान बाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि । तर नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान

ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

- दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि । तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।
- मधेसीको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको पत्रको प्रतिलिपि ।
- पिछडिएका क्षेत्रको लागि नेपाल सरकारबाट पिछडिएको क्षेत्र कायम भएका अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका वखतसम्म सोही स्थानमा स्थायी वसोवास भएको भन्ने सिफारिसको प्रतिलिपि ।

**(७) दरखास्त फाराम पाइने वेबसाइट:**
परीक्षाको दरखास्त फाराम तथा पाठ्यक्रम राष्ट्रिय अनुसन्धान विभागको वेबसाइट www.nidept.gov.np/career बाट download गरी प्राप्त गर्न सकिनेछ ।

**(८) दरखास्त फाराम दर्ता गर्ने स्थान:**
१) राष्ट्रिय अनुसन्धान विभाग बरफवाग, सिंहदरवार, काठमाडौं ।
२) राष्ट्रिय अनुसन्धान १ नं. प्रदेश कार्यालय, धरान ।
३) राष्ट्रिय अनुसन्धान २ नं. प्रदेश कार्यालय, जनकपुर ।
४) राष्ट्रिय अनुसन्धान ३ नं. प्रदेश कार्यालय, हेटौंडा ।
५) राष्ट्रिय अनुसन्धान गण्डकी प्रदेश कार्यालय, पोखरा ।
६) राष्ट्रिय अनुसन्धान ५ नं. प्रदेश कार्यालय, बुटवल ।
७) राष्ट्रिय अनुसन्धान कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर ।
८) राष्ट्रिय अनुसन्धान सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी ।

**(९) दरखास्त दस्तुर:**
अनुसन्धान अधिकृत पदको लागि रु. १०००।-(एक हजार रुपियाँ) र एकभन्दा बढी प्रत्येक समूहका लागि रु. ४००।- (चार सय रुपियाँ) थप दस्तुर बुझाउनु पर्नेछ ।

अनुसन्धान सहायक पदको लागि रु. ३००।-(तीन सय रुपियाँ) र एकभन्दा बढी प्रत्येक समूहका लागि रु. १००।- (एक सय रुपियाँ) थप दस्तुर बुझाउनु पर्नेछ ।

यसरी परीक्षा दस्तुर राजस्व शीर्षक नम्बर १४२२४ र देहाय बमोजिम कार्यालयको बैंकिङ खातामा जम्मा गरी सो को सक्कल भौचर दरखास्त फारामसाथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

| क्र.सं. | कार्यालय | राजस्व दाखिला गर्ने बैंकको नाम | राजस्व कार्यालयको कोड नम्बर | राजस्व खाता नम्बर |
|---|---|---|---|---|
| १ | राष्ट्रिय अनुसन्धान विभाग (केन्द्र), बरफवाग, सिंहदरवार, काठमाडौं | एभरेष्ट बैंक लिमिटेड | ३०१०७३५०१ | ००१००१०६२००००० |
| २ | राष्ट्रिय अनुसन्धान १ नं. प्रदेश कार्यालय, धरान | राष्ट्रिय बाणिज्य बैंक | ३०१०७१४०१ | १०००२०००१०००० |
| ३ | राष्ट्रिय अनुसन्धान २ नं. प्रदेश कार्यालय, जनकपुर | राष्ट्रिय बाणिज्य बैंक | ३०१०२१७०१ | १०००२०००१०००० |
| ४ | राष्ट्रिय अनुसन्धान ३ नं. प्रदेश कार्यालय, हेटौंडा | नेपाल बैंक लिमिटेड | ३०१०७३२०१ | ००१०१००००००००१००१००१ |
| ५ | राष्ट्रिय अनुसन्धान गण्डकी प्रदेश कार्यालय, पोखरा | राष्ट्रिय बाणिज्य बैंक | ३०१०७३९०२ | १०००२०००१०००० |
| ६ | राष्ट्रिय अनुसन्धान ५ नं. प्रदेश कार्यालय, बुटवल | राष्ट्रिय बाणिज्य बैंक | ३०१०७४८०२ | १०००२०००१०००० |
| ७ | राष्ट्रिय अनुसन्धान कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर | राष्ट्रिय बाणिज्य बैंक | ३०१०७६८०१ | १०००२०००१०००० |
| ८ | राष्ट्रिय अनुसन्धान सुदूरपश्चिमाञ्चल प्रदेश कार्यालय, धनगढी | एभरेष्ट बैंक लिमिटेड | ३०१०७७७०१ | ००१००१०६२००००० |

**नोट:** दरखास्त दस्तुर माथि उल्लिखित बैंकको जुनसुकै शाखाबाट बुझाउन सकिनेछ ।

**(१०) दरखास्त दर्ता गरिने अन्तिम मिति:**
गोरखापत्रमा पहिलोपटक सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र । दरखास्त दर्ता गर्ने अन्तिम मितिबाट ७ दिनभित्र दोब्बर दस्तुर तिरी दरखास्त दर्ता गर्न सकिनेछ ।

**(११) दरखास्त दर्ता गरिने समय:** कार्यालय सञ्चालन हुने दिन बिहान ११:०० बजेदेखि दिउँसो १६:०० सम्म ।

**(१२) सम्पर्क मिति:** दोब्बर दस्तुर तिरी दरखास्त दर्ता गर्ने समय समाप्त भएको १ हप्ताभित्र गोरखापत्रमा सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

**(१३) परीक्षा कार्यक्रम:** सम्पर्क मितिमा सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

**नोट:**
(१) दरखास्त पेश गर्दा सक्कल प्रमाणपत्रहरू साथमा लिई उम्मेदवार स्वयं उपस्थित हुनुपर्नेछ ।
(२) रीत नपुर्‍याई दरखास्त बुझाएको उम्मेदवारले परीक्षामा संलग्न हुन पाउने छैन ।
(३) लोकसेवा आयोगसँग परामर्श लिई तयार पारिएको राष्ट्रिय अनुसन्धान विभागको सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको आधारमा पदपूर्ति गरिनेछ ।
(४) लिखित परीक्षामा सफल उम्मेदवारहरूले नेपाल सरकारको स्वामित्वमा रहेका अस्पताल वा स्वास्थ्य संस्थाबाट विस्तृत स्वास्थ्य परीक्षण गराई निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
(५) यसप्रकार स्वास्थ्य परीक्षणमा सफल उम्मेदवारहरूलाई मात्र अन्तरवार्ता परीक्षामा सम्मिलित गराइनेछ ।